# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू

गाउँ सभाका सदस्यज्यूहरु

प्रमुख प्रशासकीय अधिकृतज्यू

राजनीतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु

लगायत राष्ट्रसेवक कमर्चारीज्यूहरु

गरिमामय बाह्रौ गाउँसभाको प्रथम बैठकको अवसरमा जनयुद्द, जनआन्दोलन र सम्पूर्ण परिवर्तनको लागि भएका आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्दान्जली अर्पण गर्न चाहन्छु । साथै दोस्रो लहरको कोरोना भाइरसको महामारीको कारण देश तथा विदेशमा दिवंगत हुनुभएकाहरु प्रति हार्दिक श्रद्दान्जली अर्पण गर्दछु । मृतकका परिवारमा गहिरो समवेदना अर्पण गर्दछु ।

स्थानीय चुनावको पहिलो निर्वाचन मार्फत निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो कार्यकाल सफलता पूर्वक सम्पन्न गर्नुभएको छ । विगतमा ५ वटा आर्थिक वर्षका नीति तथा कार्यक्रम र सोहि अनुसार बजेट बिनियोजन गरी कार्यान्वयन समेत भई गाउँपालिकाको समग्र क्षेत्रमा विकासको आधार तयार भएको छ । यस विचमा गाउँपालिकामा थुपै कामहरु सम्पन्न भएका छन, थुप्रै कामहरुको सुरुवात भएको छ, यसको लागि निवर्तमान सदस्यहरु धन्यवादको पात्र हुनहुन्छ, म यसै सभा मार्फत उहाँहरुलाई धन्यवाद दिन चाहन्छु र केहि अपुरा कार्यहरुलाई निरन्तरता दिदै पूर्णता प्रदान गर्ने आधारको रुपमा यो नीति तथा कार्यक्रम रहेको छ ।

हामीहरुसँग साधन स्रोतहरु सिमित छन, गर्नुपर्ने कामहरु धेरै छन । जनताले नव निर्वाचित जनप्रतिनिधि मार्फत धेरै अपेक्षा गरेका छन । हामी स्थानीय तहलाई पारदर्शी, उत्तरदायीपूर्ण, समावेशी, विधिसम्मत र आम जनताको पहुँच स्थापित गर्ने गरी संचालन गर्नेछौ । नेपालको संविधानमा भएका नागरिकका शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक न्यायका हक अधिकारहरुको प्रत्याभूत गरी समाजवादको आधार बनाउन कृषकलाई मल, बिउ, बजार, प्राविधिक सेवा र उचित मुल्यको सुनिश्चितता गर्न युवाहरुलाई आफ्नै गाउँमा रोजगारी अवसरहरु सिर्जना गरी आफ्ना मातापिता जहान र छोराछोरीसँगै बसेर जीवनयापन गर्ने वातावरण निर्माण गर्ने गरी कार्यक्रम संचालन गर्न, समुन्नत रुरुक्षेत्रको समग्र आधार तयारको रुपमा यो नीति तथा कार्यक्रम रहनेछ भन्ने आशा लिएको छु ।

अघिल्लो आ.व. देखी संचालनमा आएका पालिका गौरवका केहि आयोजना आगामी आ.व. मा सम्पन्न गर्ने गरी कार्य अगाडी गरिरहेका छौ । गाउँपालिका भित्र ४ वडा र ५ वटा स्वास्थ्य चौकीले आफ्नै सुविधा सम्पन्न भवन मार्फत सेवा प्रवाह गरिरहेका छन भने एक स्वास्थ्य चौकी र २ वटा वडा कार्यालय यसै आर्थिक वर्ष देखि निर्माण सम्पन्न भई प्रयोगमा आउनेछन।

गाउँपालिकामा रहेको रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा एनालाइजर मेसिन, भिडियो एक्स-रे आदि मेसिन उपकरणको व्यवस्था गरी गुणस्तरीय सेवाको विस्तार गरिएको छ ।रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा ट्रमा युनिटको स्थापना भई संचालनमा आएको छ । स्वास्थ्य चौकीमा ल्याब र बर्थिंग सेन्टरहरु विस्तार गर्दै लागिएको छ ।सुत्केरी महिलालाई बर्थिंग सेन्टर सम्म जान निशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुनुको साथै गर्भवती महिलालाई आइरन चक्की र क्याल्सियम निशुल्क उपलब्ध गराइएको छ । प्रत्येक २ महिनामा सबै स्वस्थ्य चौकीमा ल्याव सहितको डाक्टरहरुको घुम्ती सेवा उपलब्ध गराइएको छ, आयुर्वेद तर्फ पन्चकर्म पुर्वकर्म उपकरणको प्रयोगबाट सेवा विस्तार गरिएको छ ।

गाउँपालिकाको प्रथम पन्च वर्षीय आवधिक योजना तयार भईसकेको छ, कृषि गुरुयोजना तयार भई कार्यान्वयनको चरणमा रहेको छ । कृषि उत्पादनका क्षेत्रहरु निर्धारण गरी ब्लक तथा पकेटहरु निर्माण गरिएको छ । जस अन्तरगत वडा नं. १ मा लिची र बाख्रा पकेट, वडा नं. २ मा बोयर जातका बाख्रा पकेट, वडा नं. ३ मा उखू र लिची पकेट, वडा नं. ४ मा सुन्तला पकेट, वडा नं. ५ दुध र आलु पकेट तथा मौसमी बेमौसमी तरकारी पकेट र वडा नं. ६ मा तरकारी पकेटका कार्यक्रम संचालनमा आई गाउँपालिका दुध, मासु, अण्डा र तरकारीमा आत्मनिर्भर भई निर्यातको चरणमा पुगेको छ । गाउँपालिकाको कृषि तथा पशु विकास क्षेत्रको वृहत्तर विकासको लागि हेफर इन्टरनेशनल सँग सहकार्य गरिएको छ ।

रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ मा रहेको रुरुक्षेत्र धाम नेपालको चार धाम मध्येको एक पवित्र धाम भएको हुँदा यसको विकासको लागि गुरुयोजना निर्माण भई संघ र प्रदेश सरकारको सहकार्यमा कार्य भईरहेको छ । श्रृङ्गेश्वर तपोभूमिलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन यसै आ.व. मा निर्माण भएको छ, साथै बम्घा कोटलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नको लागि आगामी आर्थिक वर्षमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी सोहि अनुसारको तयारी भईरहेको छ, गाउँपालिका भित्रका अन्य धार्मिक क्षेत्रलाई क्रमश पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी काम भईरहेको छ ।

चालु आ.व.को विभिन्न समयमा देखा परेको कोभिड-१९ को कारण नीति तथा बजेट कार्यक्रम कार्यान्वयन प्रभावित भईरहदा आगामी आ.व.को नीति कार्यक्रमको लक्ष्य "समृद्द रुरुक्षेत्र सुखी रुरुक्षेत्र बासी" रहेको छ ।यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयन संगै सिंहदरबारको अधिकार जनताको माझमा पुर्याउन कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्ग निर्देशकको रुपमा लिइएको छः

क. नेपालको संविधान अनुसूची ८ मा सुचिकृत स्थानीय तहका अधिकार क्षेत्रहरु

ख. नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरु एवंम् राज्यका निर्देशक सिद्धान्तहरु

ग. स्थानीय सरकार संचालन ऐन, २०७४

घ. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

ङ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

च. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रम

छ. दिगो विकासका लक्ष्य हाँसिल गर्न नेपाल सरकारले अन्तराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्दताहरुबाट सृजित दायित्वहरु

ज. नेपाल सरकार, लुम्बिनी प्रदेश सरकारका आवधिक विकास योजना र तिनले लिएका लक्ष्यहरु

झ. संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकास नीतिहरु

ञ. गाउँपालिकाको प्रथम आवधिक योजनाको प्रतिवेदन

ट. आ.व. ०७९/८० को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा सरोकारवालाहरु सँग छलफल तथा राय सुझाव संकलन कार्यक्रममा उठान भएका विषयहरु

अब म विषय क्षेत्रगत नीति प्रस्तुत गर्न चाहन्छुः

## आर्थिक विकास नीति

### क. कृषि विकास नीति

१. भूउपयोग नीति लागू गरी कृषियोग्य भूमिको संरक्षण तथा व्यवसायिक कृषि गर्न प्रोत्साहन हुने गरी चक्लाबन्दीमा सुलभ (अनुदान दिई) जमिन उपलब्ध गराउने नीति लिइनेछ ।

२. कृषिको व्यवसायीकरण र त्यसबाट सिर्जना भएको रोजगारी र स्वरोजगारको आधारमा विशेष अनुदान, विशेषज्ञ सेवा प्रदान गर्ने नीति लिइनेछ ।

३. व्यवसायिक कृषकहरुलाई कृषि प्रणाली, सामान्य रोग पहिचान र रोकथामका घरेलु उपायहरुको बारेमा प्रशिक्षण गराइनेछ ।

४. कृषि उत्पादनको बजार व्यवस्था सुनिश्चित गर्न, बिचौलिया प्रवृति अन्त्य गर्न गाउँपालिका मार्फत थोक खरिदकर्तालाई सिधै सम्पर्क गरी कृषकसँग जोड्ने काम गरिनेछ ।

५. गाउँपालिकाका कृषि उत्पादनलाई बजारीकरणको लागि नजिकको ठुलो बजार क्षेत्र बुटबलमा आउटलेटको निर्माण गरिनेछ ।

६. एक वडा एक उत्पादनको कार्यक्रमलाई अझै प्रभावकारी बनाउदै लगिनेछ ।

७. गाउँपालिकामा बिउ बैंक स्थापना गरी कृषकलाई कृषि प्राविधिकको सिफारिस अनुसारको बिउ प्रयोग गर्न प्रेरित गरिनेछ ।

८. रिडीमा निर्माणाधीन रहेको कोल्ड स्टोर भवन निर्माणलाई तीव्रता दिइनेछ, सो को लागि संघ, प्रदेशमा आवश्यक बजेटको लागि समन्वय गरिनेछ ।

९. प्राविधिक शिक्षा (कृषि तथा बालि विज्ञान) संचालित जनबोध माध्यमिक विद्यालयमा कृषि तथा बालि विज्ञान विषयमा अध्ययनरत विद्यार्थीहरुलाई कृषकको खेतबारीसँग जोड्ने गरी कार्यक्रम संचालन गरिनेछ साथै सोहि विद्यालय सँगको सहकार्यमा गाउँपालिका भित्र कागती, सुन्तला, लिची र अन्य फलफुल बिरुवाको नर्सरी विकास गरिनेछ ।

१०. प्रांगारिक खेति, कम्पोष्ट तथा जैविक मलको उत्पादन, प्रवर्द्धन र प्रचार गरिनेछ ।

११. बलेटक्सार बजारमा रहेको कृषि हाटबजारलाई कृषि समूह/सहकारी सँगको सहकार्यमा संचालनमा ल्याइनेछ ।

१२. रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

१३. कृषि बिउ बिजन, रासायनिक मल तथा अन्य औषधिको आपूर्ति नियमित गरिनेछ ।

१४. कृषि बिमाको कार्यक्रम संचालनको लागि संघ र प्रदेश सरकार संग समन्वय सहकार्य गरिनेछ ।

१५. टिमुर, स्ट्रबेरी, किवी, एभोकाड़ो, च्याउ, कालो अंगुर, ओखर, जापानी कटुस (मेकेडोमिया नट) खेतीको सम्भाव्यता अध्ययन गरिनेछ ।

१६. विशेष उत्पादन क्षेत्रमा पायक पर्ने गरी रिडी, बलेटक्सार तथा रानीबास क्षेत्रमा निर्यात केन्द्रको निर्माण गर्दै लगिनेछ ।

१७. कृषकहरुको लागत सहभागितामा व्यवसायिक कृषिको लागि यान्त्रिकीकरणमा सहयोग गरिनेछ ।

१८. कृषि समूह तथा आमा समूह संगको सहकार्यमा खालि तथा बाँझो जग्गामा वन्यजन्तुले असर नगर्ने अदुवा, बेसार जस्ता मसला जन्य बालि लगाउन प्रेरित गरिनेछ ।

१९. गाउँपालिका भित्र रहेका उच्च मूल्य भएका औषधिजन्य जडिबुटीको अध्ययन गरिनेछ ।

२०. गाउँपालिकामा माटो परिक्षणको लागि ल्याबको स्थापना गरिनेछ ।

२१. कृषि तथा पशु विकासको क्षेत्रमा कार्य गर्न हेफर इन्टरनेशनल सँगको लागत साझेदारीलाई निरन्तरता दिइनेछ ।

२२. कृषि उत्पादनलाई वन्यजन्तु (बाँदर, दुम्सी, मृग आदि) बाट जोगाउन आवश्यक नीति लिइनेछ ।

२३. कफी खेतिलाई कृषकको आम्दानीको भरपर्दो स्रोतको रुपमा विकास गर्दै लगिनेछ ।

२४. मौरी पालक कृषकलाई थप व्यवसायिक बनाउन र मौरी पालन प्रति आकर्षण बढाउन लागत सहभागितामा प्रविधि हस्तान्तरणको नीति लिइनेछ ।

## ख. पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी नीति

१. पशुपंक्षी बजार प्रबर्द्धनका लागि संकलन केन्द्रको निर्माण गर्दै लगिनेछ ।

२. उन्नत नश्ल सुधार तथा कृत्रिम गर्भाधानको सेवा सुविधा प्रभावकारी रुपमा प्रसार गरिनेछ।

३. भकारो सुधार, खोर सुधार तथा प्रांगारिक मल उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
४. स्थानीय हावापानीमैत्री पोषणयुक्त डालेघाँस, भूइघाँस उत्पादन गरी खपत र बजारिकरणको व्यवस्था गरिनेछ।
५. पकेट क्षेत्रको आधारमा विशेषज्ञद्वारा सेवा उपलब्ध गराइनेछ ।
६. अति विपन्न परिवारलाई उन्नंत जातका बाख्रा पालन, कुखुरा, बंगुर पालनमा अनुदान उपलब्ध गराइनेछ ।
७. पशु बिमाको कार्यक्रमलाई निरन्तरता दिदै अझै प्रभावकारी बनाइनेछ ।
८. व्यवसायिक कृषकलाई कृषिजन्य रोग पहिचान र घरेलु उपचार सम्बन्धी र उत्पादकत्व वृद्दि सम्बन्धी विज्ञहरुद्वारा तालिम प्रदान गर्ने नीति लिइनेछ ।
९. पशुजन्य रोग पहिचानको लागि पालिकाको पशु सेवा शाखामा आवश्यक उपकरण सहितको ल्याबको स्थापना गरिनेछ ।
१०. भकारो सुधार निर्माण गरी मलमुत्र संकलन गर्ने कृषकलाई जैविक विषादी र प्रांगारिक मल उत्पादन गर्ने सम्बन्धमा तालिम तथा आवश्यक सामग्री प्रदान गरिनेछ।
११. पशुजन्य रोग निवारणको लागि आवश्यक खोपको व्यवस्था मिलाइनेछ।
१२. भुस्याहा, छाडा कुकुर व्यवस्थापनको लागी कुकुर बन्ध्याकरण कार्यक्रम संचालन गरिनेछ ।
१३. पशुमा बाझोपन निवारणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
१४. उत्पादनका आधारमा कृषकलाई अनुदान प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

**ग. सिंचाई सम्बन्धी नीतिः**

१. पुराना र अवस्था विग्रिएका सिंचाई योजनाको स्तरोन्नति गरी दिगो बनाइनेछ ।
२. लाभ लागत र प्रतिफलको विश्लेषण गरी पानीको स्रोत नभएका स्थानमा लिफ्ट विधिबाट सिंचाई विकास गरिनेछ ।

३. सिंचाईलाई दिगो बनाउन परम्परागत रुपमा रहेका पोखरीको, कुवा, इनार आदिको संरक्षण गरिनेछ ।
४. प्लास्टिक पोखरी, थोपा सिंचाई जस्ता प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

## घ. लघु, घरेलु उद्योग तथा वाणिज्य सम्बन्धी नीतिः

१. स्थानीय स्तरमा उपलब्ध कच्चा सामग्री, सिप र बजारको मागको आधारमा उद्यम व्यवसायको स्थापना गर्न गाउँपालिका मार्फत एकीकृत सेवा उपलब्ध गराउने नीति लिइनेछ ।
२. परम्परागत सिपहरु जस्तै डोको, नाम्लो, मादल, सारंगी, धातुजन्य भाँडाकुँडा बनाउने आदि जस्ता सिपहरुलाई आवश्यक सहयोग गरी उन्नत प्रविधि सँग जोडिनेछ ।
३. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उनीहरुको सीप र क्षमता अनुसारको कार्य गर्न सम्भव भए सम्म वातावरण सिर्जना गरिनेछ, अन्यलाई उत्पादनका कृषि र गैर कृषि क्षेत्रमा आवद्द गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
४. अति विपन्न परिवारको लागि यान्त्रिकीकरण लागत सहभागितामा केहि सहुलियत प्रदान गर्ने नीति लिइनेछ।
५. उपभोक्ता हित संरक्षणको लागि सम्बन्धित निकायसँगको समन्वयमा बजार अनुगमनलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
६. उद्यमशिलता विकास गरी लघु उद्यमी तयार गर्न विभिन्न प्रकारका सीपमुलक तालिम, स्तरोन्नति तालिम, पुनर्ताजगी तालिमहरु संचालन गरिनेछ ।
७. सबै वित्तीय संस्थाको सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) लाई एकीकृत गरी कार्यक्रम अगाडी बढाइनेछ ।

## ङ. पर्यटन सम्बन्धी नीतिः

१. श्रृङ्गेश्वर तपोभूमि क्षेत्र र बम्घाकोट क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्पन्न गरी सोहि अनुसारको पर्यटकीय पूर्वाधार निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

२. रिडीमा प्राचिन वस्तु, धर्म संकृतिको महत्व झल्किने गरी संग्रहालय निर्माणको लागि संघ र प्रदेशमा समन्वय र सहकार्य गरिनेछ ।

३. तिन मुखे पुलको तिन वटै प्रवेश द्वारमा बगैचा निर्माण र अन्य सौन्दर्यजन्य कार्य गर्न स्याङ्जाको कालिगण्डकी, पाल्पाको तानसेन नगरपालिकासँग समन्वय सहकार्य गरिनेछ ।

४. रुरुक्षेत्र १ रिडी, वडा नं. २ को अचामेश्वर वडा नं. ६ बम्घाकोट र वडा नं. ४ को श्रृङ्गेश्वर क्षेत्रमा धार्मिक सांस्कृतिक महत्व झल्किने गरी जानकारीमुलक होडिंग बोर्डको व्यवस्था गरिनेछ ।

५. पर्यटकीय पदमार्ग, साहसिक खेलहरुको पहिचान र सम्भाव्यता अध्ययन गरिनेछ।

६. पर्यटकीय क्षेत्रमा महिला, बालबालिका र अपाङ्गमैत्री वास सहितको सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।

७. रुरुक्षेत्र २ मा अवस्थित सिद्दबाबा, अचमेश्वर र कृष्णडाँडा मन्दिरको संरक्षण गरिनेछ ।

## च. सहकारी सम्बन्धी नीतिः

१. सहकारीको पहुँच नपुगेका क्षेत्र र समुदायको लागत तयार गरी पहुँच अभिवृद्दि गरिनेछ ।

२. उत्पादनमुखी सहकारीहरुलाई साझेदारीका कार्यक्रम संचालन गर्न विशेष प्राथमिकता दिइनेछ ।

३. गाउँपालिकाको पहलमा नयाँ सहकारी स्थापना गर्दा गाउँपालिकाबाट स्थापना कालको सुरुवाती खर्च (विधान तयारी, दर्ता खातापाता) का लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ।

४. गाउँपालिका भित्र कार्यक्षेत्र रहेका सबै सहकारीहरुको पालिका मार्फत नियमन गरी सार्वजनिक सुनुवाई राख्ने कार्यको सुरुवात गरिनेछ ।

५. गाउँपालिका भित्रका सबै सहकारीमा आवद्द सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गरिनेछ ।
६. समान उद्देश्य भएका सहकारीहरुलाई आवश्यकताका आधारमा एकीकरण गर्ने नीति लिइनेछ ।
७. निष्क्रिय/समस्याग्रस्त सहकारीहरुको तथ्यांक संकलन गरी संचालनको लागि आवश्यक पृष्ठपोषण तथा दर्ता खारेजीको प्रक्रियामा लगिनेछ ।

### छ. श्रम तथा रोजगारी सम्बन्धी नीतिः

१. गाउँपालिकामा श्रम रोजगार सेवा केन्द्र स्थापना गरिनेछ, जसमा युवाहरुको सीपगत वडागत सुची तयार गरिनेछ ।
२. गाउँपालिकाले संचालन गर्ने विकास निर्माणका कार्यमा लाग्ने श्रममा त्यस्ता युवालाई कार्य गराउन रोजगार सेवा केन्द्र लगत लिई पायक पर्ने स्थानमा काममा लागाउने व्यवस्था मिलाइनेछ ।
३. युवाहरुको माग र बजारको आवश्यकता अनुसारका सिपमुलक तालिम प्रदान गरिनेछ ।

## सामाजिक विकास नीतिः

### क. शिक्षा नीति

१. स्थानीय स्रोतका निजी शिक्षकहरुको तलबका लागि विद्यालयको अवस्था र औचित्य पुष्टि हुने गरी प्रति विद्यार्थी लागत अनुसारको तलब उपलब्ध गरईनेछ।
२. प्राथमिक तहका प्रधानाध्यापकहरुलाई कम्प्युटर र लेखा सम्बन्धी तालिम प्रदान गरिनेछ ।
३. वाल शिक्षा लागु भएका विद्यालयमा बाल उद्यानको निर्माण गरिनेछ ।
४. कक्षा ३, ५ र ८ को गाउँपालिका स्तरीय परिक्षा प्रभावकारी ढंगले संचालन गरिनेछ ।

५. सबै विद्यालयमा अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन र  राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता संचालन लाई निरन्तरता दिइनेछ ।
६. विद्यालयलाई समायोजना गर्ने, सिकाईको स्तर र विद्यार्थी संख्या न्युन भएका विद्यालयवाट कक्षा घटाउने नीतिलाई निरन्तरता दिइनेछ ।
७. पाठ्यपुस्तकमा एकरुपता कायम गर्न जनक शिक्षा सामग्री केन्द्रद्वारा प्रकाशन भएका अंग्रेजी माध्यमका पुस्तक प्रयोग गरिनेछ ।
८. विद्यालयको पठनपाठन लगायत सम्पूर्ण क्षेत्रको जिम्मेवारी बहन र पारदर्शिताका लागि प्रत्येक वडाका लिडर माध्यमिक विद्यालहरुमा वार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
९. स्थानीय पाठ्यक्रमको विकास गरी पठनपाठन सुरु गरिनेछ ।
१०. गाउँपालिका भित्रका सबै विद्यालयलाई प्रविधिमैत्री बनाईनेछ र शिक्षकहरुलाई ICT सम्बन्धी तालिम प्रदान गरिनेछ ।
११. विद्यार्थीको चाहाना र स्थानीय अवश्यकताको आधारमा माध्यमिक तह (कक्षा ९-१२) का बालबालिकाहरुलाई व्यवसायिक सिप सिकाउन घुम्ती विशेषज्ञ शिक्षक परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।
१२. नागरिकको अधिकार र कर्तव्यबोध हुने गरी स्थानीय पाठयक्रममा नैतिक तथा नागरिक शिक्षा समाबेश गरिनेछ साथै समयसमयमा बालबालिकाहरु लाई नैतिकता अनुशासन, उत्प्रेरणा, आचरण, शिष्टाचार जस्ता विषयमा विज्ञहरुबाट प्रशिक्षण दिइनेछ ।
१३. श्रमको सम्मान गर्ने र देश विकासको निमित्त निः स्वार्थ योगदान गर्ने भावनाको वृद्दि गर्न माध्यमिक तह (कक्षा ९-१२) का सबै शिक्षक तथा विद्यार्थीहरुलाई वर्षमा १० दिन  स्वयम्  सेवा गर्ने व्यवस्था मिलाइनेछ ।
१४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी र अभिभावक समेतको सहभागितामा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
१५. कार्यसम्पादनको आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
१६. कार्यसम्पादन, शैक्षिक गुणस्तरको आधारमा विद्यालयलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
१७. दृष्टिबिहिन, अटिजम लगायत बौद्दिक अपाङ्गता भएका बालबालिकाको लागि सिकाई र क्षमता अभिबृद्दीका लागि आवश्यक कार्यक्रम संचालन

गरिनेछ उक्त विद्यालयमा अध्यापन गराउने शिक्षकलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

१८. शिक्षक छनौट र नियुक्तिको लागि विषय विज्ञको सुची तयार तथा प्रश्न बैंक निर्माण गरिनेछ।

१९. वडा नं. १ रिडीलाई संस्कृत शिक्षाको केन्द्रको रुपमा विकास गर्दै लगिनेछ।

२०. विद्यालयमा अध्ययनरत आधारभूत तथा माध्यमिक छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ ।

२१. अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक अभाव भएका कक्षा ६-८ संचालित विद्यालय शिक्षण सहयोग अनुदानको व्यवस्था गरिनेछ ।

२२. गरिव तथा जेहनदार विद्यार्थीलाई छात्रवृतिको व्यवस्थापन गरिनेछ ।

२३. प्रत्येक विद्यालयमा वास सहितको शौचालय निर्माण गरिनेछ ।

२४. प्राविधिक धारका कक्षा संचालन हुने विद्यालयमा आवश्यकता अनुसार छात्रावासको व्यवस्था गरिनेछ ।

२५. संस्कृत शिक्षाको प्रवर्धन गर्न संस्कृत तथा साधारण माध्यमिक विद्यालयलाई आवासीय विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

२६. रानीबासमा कृषि क्याम्पस संचालनको लागि आवश्यक पहल एवम् समन्वय गरिनेछ ।

२७. गाउँपालिका भित्रका सबै माध्यमिक विद्यालयहरुलाई एकीकृत प्रणाली (Centralized System) मा आबद्ध गरिनेछ ।

## ख. स्वास्थ्य तथा पोषण सम्बन्धी नीति

१. रिडी प्राथमिक स्वास्थ्य केन्द्रमा केन्द्र र प्रदेश स्तरीय अस्पताल र शिक्षण अस्पतालहरु सँग सम्झौता गरी विशेषज्ञ चिकित्सकको नियमित सेवा उपलब्ध गरईनेछ ।

२. गाउँपालिका भित्रका सम्पूर्ण सुत्केरी महिला तथा अति विपन्न नागरिकको लागि निशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइनेछ ।

३. रिडी प्राथमिक स्वास्थ्य केन्द्रमा २४ सै घण्टा आकस्मिक सेवाको सुरुवात गरिनेछ ।

४. सुत्केरी महिला र नवजात शिशुको हेरचाह र पोषणमा विशेष ध्यान दिईनेछ जसको निमित्त सुत्केरी पोषण प्याकेजको घोषणा गरिनेछ ।
५. सबै वडामा बर्थिंग सेन्टर र ल्याव सेवालाई विस्तार गर्दै लगिनेछ ।
६. सबै स्वास्थ्य चौकीमा प्रत्येक २ महिनामा विशेषज्ञ डाक्टर, ल्याब सहितको सेवालाई निरन्तरता दिइनेछ ।
७. आवश्यकता अनुसार सामुदयिक स्वास्थ्य ईकाइहरु स्थापना गर्दै लगिनेछ ।
८. आयुर्वेद उपचार प्रणालीलाई व्यवस्थित गर्ने नीति अबलम्बन गरिनेछ ।
९. आरोग्य शिविर तथा योग शिविर संचालन गरिनेछ ।
१०. महिलाहरुमा हुने पाठेघरको क्यान्सर, स्तन क्यान्सरको पहिचान गर्नको लागि परिक्षण सिविर संचालन गरिनेछ ।
११. रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ मा निर्माणाधीन रहेको १५ सैयाको अस्पताल निर्माणको गतिलाई तीव्रता दिइनेछ ।
१२. पालिका भित्र कार्यरत स्वयंसेविकाहरुको क्षमता विकासको लागि कार्यक्रम संचालन गरिनेछ।
१३. सबै प्रकारका खोप कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ, पालिका भित्र पूर्ण खोपको दिगोपन सुनिश्चित गरिनेछ ।
१४. कुपोषणबाट ग्रसित बालबालिकाहरुका लागि उपचार गर्नको लागि बहिरङ्ग उपचार केन्द्र (OTC) ल्याबको स्थापना र संचालन गर्ने नीति लिइनेछ ।
१५. स्थानीय स्तरमै उपलब्ध हुने स्रोत प्रयोग गरी सन्तुलित पौष्टिक आहार तयार र सेवन विधिको बारेमा आम नागरिकलाई सुसुचित गरिनेछ ।
१६. गाउँपालिकाको पोषण अवस्था सुधार गर्न एक घर एक घरबारी (Home Garden) को नीति लीइनेछ र सो नीति कार्यन्वयन गर्न ग्रामिण क्षेत्रमा प्रत्येक घरको एक जनालाई घरबारी व्यवस्थापन तालिम प्रदान गरिनेछ ।
१७. गाउँपालिका भित्र रहेका मुटुरोग, मधुमेह, मृगौला रोगहरुको निःशुल्क जाँच/परिक्षण गरिनेछ ।
१८. आँखा, नाक, कान, घांटी सम्बन्धी स्वास्थ्य शिविर सबै वडामा संचालन गरिनेछ ।
१९. युवाहरुमा देखा परेको लागुपदार्थ दुर्व्यसन नियन्त्रण गर्न आवश्यक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२०. हजार दिने आमा, जेष्ठ नागरिक, "क" वर्गका अपाङ्गहरु लक्षित गरी उनीहरुको नियमित स्वास्थ्य जाँच परिक्षणको लागि साविकका वडा वडा मार्फत स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

### ग. खानेपानी तथा सरसफाई नीतिः

१. गाउँपालिका भित्रका सबै घरधुरीलाई एक घर एक धारा प्रणालीमा आबद्द गर्दै लगिनेछ ।
२. गाउँपालिका भित्रका सवै खानेपानी मुहानमा (e-coli) इ- कोलि ब्याक्टेरिया र चुनढुंगाको परिक्षण गरिनेछ ।
३. रिडी, बलेटक्सार र रानीवास बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि स्थानीय वासी, टोल विकास समितिसँग सहकार्य गरिनेछ।
४. रिडी-बलेटक्सार मोटरबाटोमा वास सहितको सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
५. पालिका स्तरमा प्लास्टिकजन्य फोहोर प्रसोधन केन्द्रको स्थापना गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।
६. बजार क्षेत्रमा विभिन्न सरकारी, गैर सरकारी क्षेत्र सँगको सहकार्यमा डस्टबिनको व्यवस्था गरिनेछ।

### घ. महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी नीति

१. रिडी र बलेटक्सार बजार क्षेत्रमा अवश्यकता अनुसार जेष्ठ नागरिक मिलन केन्द्रको स्थापना गर्ने नीति लिइनेछ ।
२. ७० वर्ष नाघेका गाउँपालिका भित्रका सम्पूर्ण जेष्ठ नागरिक र क वर्गका अपाङ्गहरुको लागि स्वास्थ्य संस्थामा उपलब्ध सबै सेवा परिक्षण तथा औषधोपचार पूर्ण रुपमा निशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
३. महिला, बालबालिका, दलित, अल्पसंख्यक, पिछडिएका वर्ग प्रति हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्न वडा स्तरीय र प्रत्येक

माध्यमिक विद्यालयहरुमा सचेतना मुलक कार्यक्रमका साथै आवश्यक सहयोगका कार्यक्रम संचालन गरिनेछ ।

४. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच पुर्याइनेछ ।
५. लक्षित समुहको क्षमता अभिवृद्दि गर्ने कार्यक्रम एवंम् सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. गाउँपालिका भित्र रहेका अनाथ, सडक बालबालिकाहरुको तथ्यांक संकलन गरी उनीहरुको दिगो र उज्ज्वल भविष्यको निमित्त गाउँपालिका आफैले वा अन्य गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी गुणस्तरीय शिक्षा, स्वास्थ्य लगायत अन्य आधारभूत आवश्यकता परिपूर्तिको लागि आवश्यक कार्य गर्ने नीति लिइनेछ ।
७. किशोरीहरुको लागि सेल्फ डिफेन्स/आत्म रक्षा तालिम सबै माध्यमिक विद्यालयमा दिइनेछ ।

## ङ. युवा तथा खेलकुद

१. गाउँपालिका भित्र रहेका सम्पूर्ण सीपयुक्त, सीपबिहिन, बेरोजगार युवा जनशक्तिको पहिचान गरी, तथ्यांक संकलन, सिप अनुसारको वर्गीकरण गरी रोजगार सेवा केन्द्रको स्थापना गरिनेछ।
२. सीप बिहिन जनशक्तिको लागि उनीहरुको माग र श्रम बजारको आवश्यकता अनुसार सिप विकासका तालिमहरु प्रदान गरिनेछ ।
३. विगतमा प्रदान गरिएका तालिमको प्रभावकारीताका बारेमा अध्ययन गरिनेछ ।
४. गाउँपालिकाका सबै वडाहरुमा युवा क्लब गठन गर्दै गाउँपालिका स्तरीय युवा क्लब र युवा संजाल गठन गर्ने नीति लिइनेछ ।
५. प्रत्येक वडामा बहुउद्देश्यीय कभर्डहल, भलिबल कोर्ट निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।
६. प्रत्येक वर्ष मनाईने राष्ट्रिय दिवशको अवसर पारेर सवै वडामा विभिन्न उमेर समुहका युवाहरुको लागि गाउँपालिका स्तरीय खेलकुदका कार्यक्रम स्थानीय युवा क्लबहरु सँगको सहकार्य र समन्वयमा संचालन गरिनेछ ।

७. वातावरण सरसफाई, जनचेतनामूलक कार्यक्रम र अन्य कार्यक्रम संचालनको लागि युवा क्लवहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

### च. कला संस्कृती सम्बन्धी नीति

१. परम्परागत बाजा, नृत्य, लोक संस्कृतिको संरक्षण गरिनेछ ।

२. लोपउन्मुख संस्कृति, जात्रा, पर्व, मेला, लाखेनाच, भजनकृतन, लोक संस्कृति लोक भाका सोरठी, स्थानीय पोशाक आदिको संरक्षण गरिनेछ ।

## सहरी विकास तथा पूर्वाधार सम्बन्धी नीति

### क. सडक ढल पुल पुलेसा सम्बन्धी नीति

१. गाउँपालिका भित्रका सडक पूर्वाधार सम्बन्धी कार्य व्यवस्थित गर्नको लागि गाउँपालिका यातायात गुरुयोजना (Rural Municipality Transport Master Plan) तयार गरिनेछ र सो गुरुयोजनाको प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्ने नीतिलाई आगामी आ.व.मा सुरुवात गरिनेछ ।

२. गाउँपालिका केन्द्र देखि वडा कार्यालयसम्म जोड्ने वडा पहुँचमार्ग निर्माणलाई पहिलो प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ ।

३. यातायात गुरुयोजनाको आधारमा गाउँपालिका भित्रका सडकहरुको सुची तयार गरी सडकहरुको नाम अध्यावधिक गरिनेछ ।

४. सडक कालोपत्रेलाई मुख्य प्राथमिकतामा राखी बजेट बजेट बिनियोजन गरिनेछ, त्यसै गरी सडक ग्राभेल, नाली व्यवस्थापन. कल्भर्ट निर्माणलाई क्रमशः प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।

५. मुख्य सडकहरु बाह्रै महिना चल्ने गरी स्तरोन्नति गरिनेछ ।

६. गाउँपालिका भित्रका कुनैपनि सडकको स्तरोन्नति गर्दा कम्तिमा कच्ची नाली अनिवार्य गरिनेछ, कच्ची नाली निर्माण नगरी कुनै पनि सडक निर्माण गर्न अनुमति दिइनेछैन।

७. ३ मिटर भन्दा कम चौडाई भएका वारपार खुलेको सडकहरुमा आवश्यकता अनुसार ईट्टा, ढुङ्गा र ब्लक छाप्ने कार्य गरिनेछ ।

८. मुख्य सडकहरु र वस्तीहरुमा संस्थाहरुको समन्वयमा सडक बत्ती जडान गरिनेछ, सडक बत्तीको महसुल गाउँपालिका वा वडा कार्यालयबाट व्यवस्थापन गर्ने कार्यको लागि विधुत प्राधिकरण सँग समन्वय गरिनेछ ।
९. मुख्य सडकहरुको मर्मत सम्हार लागि ३ महिनाको लागि (असार देखि भाद्र सम्म ) हेरालुको व्यवस्था गर्ने नीति लिइनेछ । सडक हेरालु अन्य पूर्वाधार मर्मत र संरक्षणमा पनि प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।
१०. प्रत्येक मुख्य सडकहरु, दोबाटो, चौबाटो र चोकहरुमा सबैले बुझ्ने गरी सडक रुट, सडकको दिशा खुल्ने गरी सडक सूचना बोर्ड र ट्राफिक चिन्हको व्यवस्था गरिनेछ ।
११. कुनैपनि सडकको स्तरोन्नति र नयाँ सडक निर्माणको काम गर्दा सडकको क्षेत्र अधिकार भित्र रही गाउँपालिका वा वडा समितिको हाल कायम गर्नुपर्ने चौडाईको यकिन गरी निर्णय गरेर मात्र सडकको सर्वे र लागत अनुमान तयार गरिनेछ ।
१२. जेष्ठ महिनादेखि भदौ महिना भित्र सामान्य मर्मत बाहेक कुनै पनि नयाँ सडक निर्माण गर्न अनुमति दिईनेछैन ।
१३. गाउँपालिका भित्र रहेका सडकबाट नयाँ निजि बाटोहरु अनुमति बिना निर्माण गर्न दिईनेछैन र सो सडकले गर्दा आउने क्षतिको जिम्मेवार समेत निजलाई बनाई असुलउपर गरिनेछ ।
१४. न्युनतम ४ मीटर चौडाई र पूर्वाधार पुगेको सडकमा कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

## क. भवन तथा सहरी विकास नीति

१. प्रत्येक वडाको मुख्य मुख्य बजारक्षेत्र, सार्वजनिक स्थल र पर्यटकिय स्थलहरुमा वास सहितको सार्वजनिक शौचालयको निर्माण गर्ने नीति लिइनेछ ।
२. नक्सापास नगरी वा नक्सापास भन्दा फरक गरि, निर्माण भइसकेको भवनहरुको अभिलेखीकरणका लागि भवन अभिलेखीकरण कार्यविधिद्धारा व्यवस्थित गरिनेछ।

३. थप आवश्यक कर्मचारीको व्यवस्थापन गरी घर नक्सापास कार्यविधि अनुसार अनुमति लिएर मात्र नयाँ घर नक्सापासको थालनी गरिनेछ ।
४. गाउँपालिका स्तरीय र गौरवका आयोजनाहरु कार्यान्वयन गर्दा आयोजनाको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन (डी. पी. आर) तयार गरेर सोहि बमोजिम गरिनेछ ।
५. प्रत्येक वडामा कम्तिमा एउटा सभाहलको निर्माण कार्यको थालनी गरिनेछ ।
६. आकस्मिक सेवाको लागि प्रत्येक वडामा कम्तिमा एउटा हेलिप्याडको निर्माण कार्यको थालनी गरिनेछ ।
७. भूउपयोग गुरुयोजना निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
८. पूर्वाधार निर्माण गर्दा महिला, जेष्ठ नागरिक, बालबालिका, अशक्त, अपाङ्ग मैत्री साथै वातावरण मैत्री हुने गरी निर्माण गरिनेछ ।
९. बलेटक्सार बजार क्षेत्र र रिडी बजार क्षेत्रलाई स्मार्ट सिटिको रुपमा विकासको लागि आवश्यक कार्यक्रम संचालन गर्दै लगिनेछ ।

**ख. योजना संचालन सम्बन्धी नीति**

१. उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा गाउँपालिकाको बेरोजगार सुचिमा सुचिकृत रहेका व्यक्तिहरुलाई प्राथमिकतामा राखी काममा सहभागी गराइनेछ ।
२. गाउँपालिका मार्फत संचालित अधुरा तथा क्रमागत योजनाहरुलाई आवश्यकता र औचित्यका आधारमा प्राथमिकता दिई आगामी आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गरिनेछ ।
३. उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाको हकमा लागत सहभागिता बराबरको रकम उपभोक्ता समितिको बैंक खातामा दाखिला गरे पश्चात योजना सम्झौता गरिनेछ । सार्वजनिक भवन अपाङ्गमैत्री फुटपाथ निर्माण कार्यमा लागत सहभागिताको अंश राखिनेछैन ।
४. कुनै पनि योजना संचालनको क्रममा लागत सहभागिता जुटाउन नसक्ने भएमा योजना कार्यन्वयन गर्नको लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट अन्य प्रक्रियाबाट सम्पन्न गरिनेछ ।

५. कालोपत्रे तथा पक्कि सडक निर्माण, भवन निर्माण, कल्भर्ट, पुल निर्माण जस्ता हेवी मेसिनरी उपकरण प्रयोग गरी सम्पन्न गर्नुपर्ने निर्माण कार्य अनिवार्य विद्युतीय बोलपत्र मार्फत सेवा खरिद गरी संचालन गरिनेछ ।

६. उपभोक्ता समितिले आफैले स्थानीय रुपमा रोजगारी सिर्जना गर्ने गरी कार्य गर्न सम्झौता गरेका योजना अन्य कुनै व्यक्ति, निर्माण व्यवसायी मार्फत गराएको पाइएमा कार्यालयले कुनैपनि समयमा सम्झौता भङ्ग गर्न सक्ने नीति अबलम्बन गरिनेछ ।

७. योजना फरफारक गर्दा आयोजना सुरुहुन भन्दा अगाडी र आयोजना सम्पन्न भईसके पश्चातका फोटोहरुलाई अनिवार्य गरिनेछ ।

८. स्वीकृत वार्षिक कार्यक्रमहरु कार्तिक मसान्त सम्म सम्झौता (उ.स. सँग सम्झौता र ठेक्का सम्झौता) गरिसक्ने, वैशाक मसान्त पश्चात अन्य सामान्य अवस्थामा योजना सम्झौता गरिनेछैन र असार १५ भित्र सबै योजना सम्पन्न गरी फरफारक गर्ने गरी कार्यतालिका प्रकाशन गरिनेछ ।

९. उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाको लागत अनुमान नेपालि भाषामा तयार गर्ने कार्यको थालनी गरिनेछ ।

## ग. उर्जा र संचार सम्बन्धी नीति

१. गाउँपालिका भित्र रहेका प्रत्येक घरधुरीको न्युनतम विद्युत महशुलको लागि गाउँपालिकाले अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

२. विद्युतका काठका पोललाई स्टिल पोल मार्फत विस्थापन गर्दै लगिनेछ ।

३. गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेटको पहुँच पुर्याउन नेपाल टेलिकम सँगको सहकार्य र समन्वयमा आवश्यक कार्यक्रम संचालन गर्दै लगिनेछ ।

<u>संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह</u>

**क. राजस्व परिचालन नीतिः**

१. गाउँपालिकाको राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदनलाई आधार मानी गाउँपालिकाको राजस्व स्रोतको दर र दायरालाई फराकिलो बनाउदै लैजाने नीति अबलम्बन गरिनेछ ।

२. राजस्वको लागि सम्भाव्य क्षेत्रहरुको पहिचान गर्दै करको दायरा भित्र लगिनेछ ।

३. आन्तरिक स्रोत तर्फका कर, दस्तुर, शुल्क, महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

४. भौगोलिक वनावट अनुसार नागरिकलाई पायक पर्ने ठाउँमा व्यवसाय दर्ता नविकरण सम्बन्धी शिविर संचालन गरिनेछ ।

५. भुमिकर/मालपोत, व्यवसाय कर, बाहाल कर, सिफारिस दस्तुर लगायत करलाई अद्यावधिक गर्दै लगिनेछ साथै विज्ञापन कर, मनोरञ्जन करको बारेमा सम्भाव्यता अध्ययन गरिनेछ ।

६. कर प्रणालीलाई वैज्ञानिक र व्यवस्थित गर्दै लगिनेछ, गाउँ कार्यपालिकाको कार्यालयबाट सुरु गरिएको राजस्व व्यवस्थापन प्रणालीलाई सबै वडाहरुमा विस्तार गरिनेछ ।

७. करदातालाई कर तिर्ने बानि बसाल्न तथा प्रोत्साहन गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

**ख. मानव संसाधन विकास नीतिः**

१. नवनिर्वाचित जनप्रतिनिधि र कर्मचारीको सिप दक्षता अभिवृद्दी गर्नका लागि आवश्यकता अनुसार तालिम, अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

२. विषयगत समितिलाई प्रभावकारी बनाउन विषयगत समितिमा रहनुहुने सदस्यको लागि आफ्नो क्षेत्रसँग सम्बन्धित काम कर्तव्य अधिकार र जिम्मेवारीको सन्दर्भमा अभिमुखीकरण तालिम संचालन गरिनेछ ।

३. गाउँपालिकामा कार्यरत रहेका कर्मचारीको आधारभूत तथा अन्य सेवा सुविधा नेपाल सरकार र प्रदेश सरकारको नीति अनुसार कायम गरिनेछ । सेवा प्रवाहको आवश्यकता औचित्यतताको आधारमा कुनै पनि क्षेत्र/निकायमा थप कर्मचारी आवश्यक भएमा कानुनको परिधिभित्र रही सेवा करारमा कर्मचारी लिइनेछ ।

४. कर्मचारीहरुमा कार्यप्रेरणा जगाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण निर्माण गरिनेछ ।यसको लागी कार्यबोझ, कार्यसम्पादनको आधारमा थप सुविधाको व्यवस्था गरिनेछ ।

५. कर्मचारीहरु विच सहकार्य, समन्वय र सहसम्बन्ध कायम गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ, कार्यसम्पादनको आधारमा कर्मचारीलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

६. कार्यालयमा कार्यरत कर्मचारीहरु बीच कार्यसम्पादनमा प्रभावकारिताको लागि समकक्षी पुनरावलोकन (Peer Review )को व्यवस्था गरिनेछ ।

७. सूचनाहरुलाई विद्युतीय प्रविधिमैत्री बनाउन गाउँपालिकामा कार्यरत कर्यचारी, वडामा कार्यरत वडा सचिव, कार्यालय सहायक र कार्यालय सहयोगीको क्षमता विकासका कार्यक्रम संचलन गरिनेछ ।

८. एक घर एक धारा खानेपानी मर्मत सुधारको लागि प्रत्येक टोल बस्तीमा खानेपानी मर्मत कार्यकर्ता तयार गरिनेछ ।

९. गाउँपालिका भित्र सबै वडाहरुमा विद्युत मर्मत कार्यकर्ता तयार गरिनेछ ।

## ग. सेवा व्यवस्थापन सम्बन्धी नीतिः

१. गाउँपालिकाको कार्यसम्पादन प्रणालीलाई पारदर्शी, उत्तरदायी मितव्ययी र छरितो वनाइनेछ ।

२. कार्यसम्पादनको लागि आवश्यक नीति, नियम, कानुन, कार्यविधिको तर्जुमा गरिनेछ ।

३. जनतासँग पालिका अध्यक्ष कार्यक्रम संचालन गरिनेछ ।

४. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख र वडा सचिवहरु बीच कार्यसम्पादन सम्झौता गरिनेछ ।

५. सेवा प्रवाहलाई मापन योग्य बनाउन सबै कार्यालयमा गुनासो पेटिकाको व्यवस्था, वेब साईटमा हाम्रो सेवा नाप्नुहोस "Rate our Service" को व्यवस्था गारिनेछ ।

६. गाउँ कार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयमा हेल्प डेस्कको स्थापना र संचालन गरिनेछ ।

७. उपभोक्ता समितिसँग गरिने कार्यसम्पादन सम्झौता व्यक्तिगत घटना दर्ता, स्वास्थ्य सेवा, कृषि तथा पशु सेवाहरुलाई जोडेर एकीकृत घुम्ती शिविर प्रत्येक वडामा संचालन गरिने व्यवस्था मिलाइनेछ ।

८. उपभोक्ता समिति सदस्यहरुलाई योजना संचलान सम्बन्धी विषयमा तालिम संचालन गरिनेछ र प्रक्रियागत सहजीकरण सरलीकरणको लागि मार्गदर्शन सहितको ब्रोसर, पम्प्लेटको निर्माण गरी वितरण गरिनेछ ।

९. सवै कार्यालयमा नागरिक वडापत्र तथा सूचना पाटीको व्यवस्था गरिनेछ साथै विधुतीय माध्यमबाट सूचना प्रवाह गर्न सबै कार्यालयको आधारिकारी फेसबुक पेज संचालन गरिनेछ ।

१०. विद्युतीय हाजिरलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ र यसै बर्ष देखि विद्यालयस्तर सम्म थप बिस्तार गरिनेछ ।

११. गाउँपालिकाको सम्पूर्ण गतिविधीलाई समावेश गरी मासिक रुपमा E-Bulletin प्रकाशन गर्दै आएकोमा थप व्यवस्थित र परिमार्जन सहित निरन्तरता दिइनेछ ।

१२. सार्वजनिक खरिद गुरुयोजना तयार गरिनेछ र सार्वजनिक खरिद प्रक्रियाको बारेमा उपभोक्ता समिति, संघ/संस्था र विद्यालय शिक्षकलाई तालिम प्रदान गरिनेछ ।

१३. १० लाख भन्दा ठुला योजनाहरु विद्युतीय बोलपत्र मार्फत खरिद गरिनेछ ।

१४. रुरुक्षेत्र १ रिडीमा संचालित पालिका कोशेली घरलाई थप व्यवस्थित बनाइनेछ ।

१५. रिडी र बलेटक्सार बजार क्षेत्रमा कारोबारलाई नगद रहित बनाउन प्रत्येक पसलमा QR कोड राख्ने व्यवस्था मिलाउन गाउँपालिका भित्र संचालित वैकं वित्तीय संस्था र उद्योग वाणिज्य संघ सँग सहकार्य गरिनेछ ।

## घ. संस्थागत क्षमता विकास नीतिः

१. कार्यालयको भौतिक पूर्वाधार विकासको लागि गाउपालिका भवन निर्माणलाई तीव्रता दिइनेछ, नवनिर्मित वडा कार्यालयमा आवश्यक फर्निचरको व्यवस्था गरिनेछ ।
२. विद्युत आपूर्तिलाई दिगो र निरन्तर बनाउन सवै स्वास्थ्य चौकीमा सौर्य उर्जा क्रमश जडान गर्दै लगिनेछ ।
३. न्याय सम्पादन र विधेयकहरु तयार गर्न सहजताका लागि कानुन विज्ञको सेवा प्राप्त गर्न आवश्यक पहल गरिनेछ ।
४. गाउँपालिकाको आवधिक योजना लगायत प्राप्त नमुना कानुन अनुसार आवश्यकताका आधारमा ऐन, नियम, विधि तथा कार्यविधिको निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

## ङ. सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिः

१. गाउँपालिका केन्द्रमा प्रहरी चौकीको स्थापनाको लागि आवश्यक पहल एवंम् समन्वय गरिनेछ ।
२. स्थानीय संघ, संस्था, क्लब नागरिक समाज राजनीतिक दल, महिला समुह आदि सँग रचनात्मक क्रियाकलाप संचालन गरिनेछ ।

## च. सुशासन सम्बन्धी नीतिः

१. गाउँपालिका मार्फत भए गरेका सम्पूर्ण गतिविधि र आय-व्ययको विवरण प्रत्येक महिना सार्वजनीक गरिनेछ ।
२. गाउँपालिकामा प्रत्येक चौमासिक रुपमा सार्वजनिक सुनुवाई गरिनेछ ।
३. उपभोक्ता समिति मार्फत सम्पन्न हुने हरेक योजनाहरुको कार्य सम्पन्न पश्चात लाभग्रहिको समेत सहभागी हुने गरी आयोजनागत सार्वजनिक लेखा परिक्षण गरिनेछ ।
४. गाउँपालिका क्षेत्रमा कार्यरत संघ, संस्था र निकायहरु बीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

## छ. स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन नीतिः

१. कार्यालयको डाटाबेस व्यवस्थित गरी सबै अभिलेखलाई कम्प्युटर प्रणालीमा अभिलेखीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
२. गाउँपालिकाको खण्डिकृत तथ्यांक सहितको भिलेज प्रोफाइल तयार गरिनेछ ।
३. कार्यालयमा रहेका सफ्टवेयर र वेवसाइट अद्यावधिक राखिनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

### क. विपद् व्यवस्थपन सम्बन्धी नीति

१. अनपेक्षित विपद् व्यवस्थापनको लागि पुर्व सतर्कता र प्रतिकार्य कार्यक्रम संचालनहरु गरिनेछ जस्तै वन जंगलमा अग्नि रेखा निर्माण, तत्काल उद्दार राहतका कार्य गर्नका लागि विभिन्न सरोकारवालाको सहभागितामा एक Rapid Response Team टिमको गठन गरिनेछ ।
२. बाढी पहिरो क्षेत्रको वर्गीकरण गरी तुलनात्मक रुपमा सस्तो वातावरणीय दृष्टिकोणले उपयुक्त हुने गरी बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ ।
३. विपद् व्यवस्थापन तथा असर प्रभाव न्यूनीकरण गर्न प्रत्येक वडामा स्वयंसेवक तयारी, तालिम र आवश्यक उपकरण खरिद गरी परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
४. महिला, बालबालिका तथा अपाङ्ग मैत्री शौचालय सहितको सामुदायिक भवन निर्माणको कार्य सबै वडामा थालनी गरिनेछ ।
५. विद्यालय, सरकारी संस्था र अन्य सार्वजनिक संस्थामा अग्नि नियन्त्रक Fire Extinguisher को व्यवस्था गरिनेछ ।
६. बाढी पहिरोबाट प्रभावितलाई तत्काल राहतको व्यवस्था मिलाइनेछ ।
७. स्थानीय स्तरमा कार्यरत सिकर्मी डकर्मीहरुलाई दिगो भूकम्प प्रतिरोधी संरचना निर्माणको लागि तालिमको व्यवस्था गरिनेछ ।

### ख. वन वातावरण तथा भू-संरक्षण सम्बन्धी नीतिः

१. गाउँपालिकालाई वातावरणमैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्ने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

२. खुला खालि तथा पर्ती जग्गामा काठ जन्य औषधिजन्य विरुवाहरु रोप्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

३. राष्ट्रिय कफी अनुसन्धान केन्द्र सँगको सहकार्यमा रातामाटा कफी अनुसन्धान केन्द्रजाने मोटरबाटोको दायाँबायाँ कफीका विरुवा लगाईनेछ ।

४. कफी अनुसन्धान वरिपरी रहेको खाली जग्गामा कफी बगैचाको निर्माण गरिनेछ।

५. वन जंगल वरिपरीको क्षेत्रमा विभिन्न वन्यजन्तु र पशु पंक्षीको तस्विर सहितको होर्डिंग बोर्डको व्यवस्था गरिनेछ ।

६. प्लास्टिक/प्लास्टिक जन्य सामग्रीको प्रयोग कम गर्दै स्थानीय स्तरमा उपलब्ध हुने वातावरणमैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

७. गाउँपालिका भित्र हाल सक्रिय अवस्थामा रहेका पहिरोहरु नियन्त्रण गर्न र नदिजन्य कटान नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।